# प्रदेश राजपत्र

गण्डकी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ०८) पोखरा, साउन ३० गते, २०८२ साल (अतरिक्ताङ्क ०८

## भाग २

## गण्डकी प्रदेश सरकार

## मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सूचना

## गण्डकी प्रदेश निजामती सेवा (दोस्रो संशोधन) नियमावली, २०८२

गण्डकी प्रदेश निजामती सेवा नियमावली, २०७९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा १३३ ले दिएको अधिकार प्रयोग गरी गण्डकी प्रदेश सरकारले देहायका नियमहरु बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम "गण्डकी प्रदेश निजामती सेवा (दोस्रो संशोधन) नियमावली, २०८२" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **गण्डकी प्रदेश निजामती सेवा नियमावली, २०७९ को नियम ४३ मा संशोधनः** गण्डकी प्रदेश निजामती सेवा नियमावली, २०७९ को नियम ४३ को,-

(१) उपनियम (१) को खण्ड (क) पछाडि देहायबमोजिमको प्रतिवन्धात्मक वाक्यांश थपिएको छः-

"तर, आर्थिक वर्ष २०८२/८३ को हकमा प्रदेश प्रशासनिक पुनसंरचनासंग सम्बन्धित सङ्गठन तथा व्यवस्थापन प्रतिवेदन मन्त्रिपरिषद्बाट स्वीकृत भएको पन्ध्र दिनभित्र मन्त्रालयले सरुवा गर्नेछ।"

(२) उपनियम (१) को खण्ड (ख) को प्रतिवन्धात्मक वाक्यांश पछि देहायको वाक्यांश थपिएको छः-

"साथै, आर्थिक वर्ष २०८२/८३ को हकमा मन्त्रालयले सरुवा गरेको पन्ध्र दिनभित्र अन्य मन्त्रालयले सरुवा गर्नेछ।"

आज्ञाले,
रामजी दनाई
प्रदेश सरकारको सचिव ।

मुद्रक : गण्डकी प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय। मूल्य रु १०।-